# राष्ट्रिय बीमा कम्पनी लि. को
# २९ औं साधारण सभा सम्वन्धमा थप सूचना

यस राष्ट्रिय बीमा कम्पनी लिमिटेड (साविकको राष्ट्रिय बीमा संस्थान, निर्जीवन बीमा बिभाग) र राष्ट्रिय बीमा संस्थान को मिति २०७४/०१/२२ गते आ.ब.२०६०/६१, २०६१/६२ र २०६२/६३ को वित्तिय विवरण प्रस्तुत/पारीत गर्नको लागि आयोजना हुन गइरहेको २९औं बार्षिक साधारण सभा सम्वन्धी मिति २०७४/०१/०१ गते र २०७४/१/०६ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचनामा, संचालक समितिबाट निर्णय भई साधारणसभामा स्वीकृति/अनुमोदनको लागी पेश गरिने प्रश्तावित बोनस शेयरको प्रतिशत नखुलेको हुँदा संचालक समितिबाट निर्णय भई साधारण सभामा पेश गर्नका लागि प्रस्तावित बोनस शेयरको प्रतिशत थप स्पष्ट गर्न आवश्यक देखिएकोले निम्नानुसार बोनस शेयर प्रस्ताव गरिएको ब्यहोरा शेयरधनी महानुभावहरुमा जानकारी गराउंदछौं ।

हाल कायम रहेको चुंक्त पुंजी रु.१२,४४,३९,५०० मा आ.व.२०६०/६१ को नाफाबाट ३६.९७ प्रतिशत बोनस शेयर तथा रु.२५,३०,०७३/- लाभाशं (कर प्रयोजनको लागि), आ.व.२०६०/६१ को बोनस शेयर वितरण पछि कायम हुने चुँक्ता पुंजी रु.१७,०४,४०,८३२ मा ३६.९७ प्रतिशत बोनस शेयर तथा रु.३४,६५,३६०/- लाभाशं (कर प्रयोजनको लागि) र आ.व.२०६१/६२ को बोनस शेयर वितरण पछि कायम हुने चुंक्ता पुंजी रु.२३३,४४७,४१६/- मा १२.२२ प्रतिशत बोनस शेयर तथा रु.१८,२५,५३६/- लाभांश (कर प्रयोजनको लागि) व्यवस्था गरिएको छ । आ.व. २०६२/६३ को बोनस शेयर वितरण पछि कम्पनीको चुंक्ता पुंजी रु.२६६,६३९,०००/- रहन जाने छ ।

साथै, उक्त दिन हुने सर्बसाधारण शेयर धनिहरुको तर्फबाट एक जना संचालक प्रतिनिधि निर्वाचन प्रयोजनका लागि सर्बसाधारण शेयरधनीहरुको तर्फबाट मात्र (नेपाल राष्ट्र बैंकले बिक्रि गरेको र कर्मचारी संचयकोष बाहेक अन्य ब्यक्ति तथा संस्थाले उक्त बैंकको संस्थापक शेयर खरिद गरेका शेयरधनीहरु बाहेक) एक जना संचालकको निर्वाचन समेत गर्नु पर्ने भएकोले उक्त कार्य सफलतापुर्वक सम्पन्न गर्न यहांहरु सबैबाट सहयोगको अपेक्षा गरेका छौं ।